प्रदेश सरकार
सुदुरपश्चिम प्रदेश
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय

# जिल्ला अस्पताल, बझाङ

# जिल्ला अस्पतालका लागि आबश्यक नि:शुल्क औषधि खरिद कार्यको सिलबन्दि दरभाउ आह्वानको सूचना

**ठेक्का न.०५/०७७/०७८**

**(प्रथम पटक प्रकाशितमिति २०७७/०९/०१**

प्रस्तुत बिषयमा यस कार्यालयका लागि आ.व.०७७/०७८ सालको लागि आबश्यक पर्ने जिल्ला अस्पतालका लागि आबश्यक नि:शुल्क औषधि खरीद कार्यको सिलबन्दी दरभाउपत्रको माध्यमबाट ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले इच्छुक औषधि व्यवसायी, फर्म तथा औषधि सप्लार्यसहरुबाट तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रहि मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र खरिद गरि दरभाउपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

१. यो सूचना पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र रु. १,०००/- (रु.एक हजार मात्र) फिर्ता नहुने गरी तिरी २०७७ साल अषाढ मसान्तसम्म नबिकरण भएको, फर्मको दर्ता भएको प्रमाणपत्र, स्थायी लेखा नम्बर (प्यान) प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ता प्रमाणपत्रहरुको प्रतिलिपिहरु आ.व.०७६/०७७ सालको कर चुक्ता प्रमाणपत्र दर्त्ता भएको कागजातहरु पेश गरी कार्यालय समय भित्र यस कार्यालयबाट दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ ।

२. खरिद भएको दरभाउपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६औं दिनको १२:०० वजे भित्र सम्बन्धित फर्म वा सप्लायर्सको आधिकारिक व्यक्तिले स्पष्टसँग दरभाउ फाराम भरि दस्तखत गरी फर्मको छाप लगाई सिलबन्दी गरी यस कार्यालयमा दर्ता गरि सक्नु पर्नेछ । दर्ता हुन आएका सिलवन्दी दरभाउपत्र सोही दिनको २:०० वजे दरभाउपत्रदाताहरु वा निजको प्रतिनिधिहरु तथा कार्यालय प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ तर दरभाउपत्रदाताहरु वा निजको प्रतिनिधी उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३. सिलबन्दी दरभाउपत्र साथ धरौटी वापतको तपसिलमा उलेखित रकम प्रदेश लेखा नियन्त्रक कार्यालयको नाममा रा.वा.वैंक लि. शाखा कार्यालय बझाङ्गमा रहेको हि.नं.41101002020300000 धरौटी खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट 'क' र 'ख' वर्गको ईजाजत प्राप्त वाणिज्य वैंकले यस कार्यालयको नाममा जारी गरेको दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिदेखि गणना हुने गरी कम्तीमा ७५ दिन म्याद भएको बैंक ग्यारेण्टी (विड वण्ड) पेश गर्नु पर्नेछ ।

४. दरभाउपत्र खरिद गर्ने र दाखिला गर्ने अन्तिम मितिमा सार्वजनिक विदा परेमा सोको भोलिपल्ट सोही समयमा उक्त कार्य गरिनेछ । सो नि:शुल्क औषधिहरु खरिद गर्दा स्वास्थ्य सेवा विभागले उपलब्ध गराएका स्पेसिफिकेसन बमोजिमको औषधिहरु पेश गर्नु पर्नेछ ।

५. दरभाउपत्र फाराममा उल्लेखित परिमाण आवश्यकता अनुसार थप घट भएमा पनि स्वीकार गर्नु पर्नेछ ।

६. दरभाउपत्र फाराम भर्दा ठेक्काका सर्तहरु पूर्णत अध्ययन गरि स्पष्टसँग भर्नु पर्नेछ ।

७. दरभाउपत्र मूल्यांकन तथा स्वीकृतिको निर्णय न्युनतम मूल्य र दरभाउपत्रको प्राविधिक पक्षसमेतका आधारमा गरिनेछ ।

८. दरभाउपत्र फाराममा मूल्य अभिवृद्धी कर बाहेकको दररेट अंकर अक्षर दुवैमा उल्लेख गर्नु पर्नेछ अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ केरमेट वा थपघट गर्नु पर्ने भएमा केरमेट वा थपघट गरिको ठाउँमा आधिकारिक व्यक्तिको हस्ताक्षर हुनु पर्नेछ म्याद नाघी आएको वा रित नपुगी पर्न आएको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

९. ठेकेदारले यस कार्यालयसम्म ढुवानी भाडा रकम आफुले नै व्यहोरी ढुवानी गर्नु पर्नेछ ।

१०. सिलबन्दी दरभाउपत्र अंग्रेजी वा नेपालीमा हुनेछ ।

११. अन्य कुराहरु प्रचलित सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसार हुनेछ साथै थप जानकारी सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजातबाट पाइनेछ र कार्यालय समय भित्र पनि सम्पर्क राख्नु सक्नु हुनेछ ।

| सि.नं | ठेक्का नं. | कामको विवरण | लागत अनुमान मु.अ.कर र कन्टिन्जेन्सी बाहेक (रू.) | धरौटी | कैफियत |
|---|---|---|---|---|---|
| १ | (०५–७७०७८) | जिल्ला अस्पतालका लागि नि:शुल्क औषधिहरु खरिद खरिद कार्य | २७,५०,०००। ( अक्षररुपि सत्ताईस लाखपचास हजार मात्र) | ३ प्रतिशत | |

**डा.सन्दिपकूमार ओखेडा**
**नि.मेडिकल सूपरिटेन्डेन्ट**